# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ४) संख्याः २०) मितिः पुष १० गते २०७७


भाग : ३

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०७७ **साना सिंचाई (मोटर तथा पम्पसेट)मा ८५ प्रतिशत अनुदानमा वितरण) कार्यक्रम कार्यान्वयन**

**कार्यविधि** नं. ७

## प्रस्तावना :

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा-११ (ट) मा व्यवस्था भए बमोजिम यस यशोधरा गाउँपालिका भित्र रहेका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म लाई व्यवसायिक कृषि पेशामा आवद्ध गरी आय आर्जन गर्न तथा यशोधरा गाउँपालिकामा कृषि उत्पादनको बृद्धि गर्न पम्पसेट तथा मोटरबाट सिंचाई कार्यक्रमलाई व्यवस्थित, सरल, सहज,प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको बैठक बाट २०७७/०८/२५ गते भएको निर्णयबाट पारित भएकोले साना सिंचाई कार्यबिधि२०७७ बमोजिम यस गाउँपालिकाको कार्यक्षेत्र भित्र लागु हुने छ ।

**१ प्रारम्भिक**

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम **"साना सिंचाई (मोटर तथा पम्पसेट)मा ८५ प्रतिशत अनुदानमा"वितरण कार्यक्रम कार्यविधि, २०७७** रहेको छ ।

२. यो कार्यविधि यशोधरा गाउँपालिका गाउँकार्यपालिका वाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ **"कार्यालय"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

२.३ **"कृषि विकास शाखा"** भन्नाले यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ ।

२.२ **"कार्यविधि"** भन्नाले, साना सिंचाई (मोटर तथा पम्पसेट)मा ८५ प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ रहेको छ ।

**३ उद्देश्य :** यस कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृया मुखिबाट परिणाममुखि तर्फ लैजाने ।

३.२ कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने ।

३.३ सिंचित क्षेत्रफल विस्तारमा सहयोग पुर्याउने ।

**४ कार्य संचालन र प्रक्रियाः**

४.१ यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्मलाई ३० दिनको प्रस्ताव निवेदन आव्हवान गर्ने छ ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक **कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म** तोकिएको म्याद भित्र तोकिएको ढाँचामा निवेदन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

**५ कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म छनौटको मापदण्ड**

क) व्यवसायिक रुपमा कृषि पेशामा आवद्ध हुनु पर्ने ।

ख) कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुको हकमा यो साना सिंचाई कार्यक्रमको सूचना प्रकाशन हुनु पूर्व कम्तीमा १(एक) महिना अघि देखि गाउँपालिका तथा सरोकारवाला निकायमा दर्ता भई कृषि कार्य गरी रहेका व्यवसायिक कृषि फार्म, कृषक समुह तथा कृषि सहकारीलाई प्राथमिकता दिइने छ ।साथै यो बिषय प्रसङ्ग कृषकको हकमा लागू हुने छैन ।

ग) कृषक समुह/कृषि सहकारीको हकमा कम्तीमा ३ विघा जग्गा हुनु पर्ने र कृषक/कृषि फार्मको हकमा १ विघा जग्गा हुनु पर्ने ।

घ) १५ प्रतिशत लगानी गर्न सक्ने प्रतिवद्धता साथमा पेश गर्नु पर्ने ।

ङ) विगत २ बर्ष सम्म साना सिंचाई कार्यक्रम नपाएको ।

च.) समुह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार लाभान्वित हुनु पर्ने ।

छ) सामुहिक चक्ला बन्दी खेति गर्नेलाई प्राथमिकता दिइने ।

ज) वडा कार्यालयको सिफारिस संलग्न गरेको ।

झ) कार्यालयले प्रदान गरेको ढाँचामा प्रस्तावना पेश गरेको ।

५.१ वडा कार्यालयवाट सिफारिस भई आएका आवेदन, कृषि प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको गा.पा.स्तरीय कृषि बिकास समिति रहने छ ।

गाउँपालिका अध्यक्ष संयोजक
प्रमुख प्रशासकिय अधिकृत सदस्य
आर्थिक विकास समिति संयोजक सदस्य
लेखा प्रमुख/सहायक सदस्य
कृषि विकास शाखा प्रमुख सदस्य सचिव
आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिने छ ।

५.२ कार्यालयले वुँदा नं. ५ अनुसार कृषि विकास शाखामा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका आवेदनलाई गा.पा.स्तरीय कृषि बिकास समितिमा पठाउनु पर्ने छ ।

५.३ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी माग अनुसारको पम्पसेट/मोटर उपलब्ध गराउन गा.पा.स्तरीय कृषि बिकास समितिका समक्ष सिफारिस पेश गर्ने छ ।

५.४ साना सिंचाई कार्यक्रमको लागि छनौट भएका कृषक/कृषक समुह/सहकारी/फार्महरुले गाउँपालिकाको सम्झौता फाराम बमोजिम सम्झौता गर्नु पर्नेछ ।

५.५ छनौट भए पश्चात सम्झौता पछि कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म हरुले विनियोजित बजेटको परिधि भित्र रहि लागतको १५ प्रतिशत रकम गाउँपालिकाको खातामा वा सप्लाई गर्ने सम्वन्धीत फार्म/कम्पनीलाई नगद रकम बुझाउनु पर्ने छ ।

५.६ यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुले प्रचलित कानुन बमोजिम कृषि सामाग्री खरिद गरी बितरण गर्न सक्ने छ वा यस कार्यक्रममा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म हरुले संचालन गर्न प्रदान गरिने अनुदान रकम संम्बन्धि बिल भरपाई गाउँपालिकामा पेश गरे पछि कृषि बिकास समितिले संतोषजनक काम गरेको पाइएमा कृषकको खातामा वा निज कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म हरुल ले आफै खरिद गरेको फार्म/कम्पनी, सप्लायर्सको नाममा उक्त रकम भुक्तानीको लागी गाउँपालिकाको नाममा निबेदन गरेमा सोझै नियमानुसारको रकम एकाउन्ट पेयी चेक बाट उपलब्ध गराउन सकिने छ ।
**६** साना सिंचाई कार्यक्रममा छनौट भएका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले माग गरेको साना सिंचाई सम्वन्धि पम्पसेट/मोटर प्राप्त गरेका सिंचाई मेशिनरी सामाग्रीहरु कम्तीमा ५ बर्ष सम्मा बिक्री बितरण गर्न पाउने छैन ।साथै बिक्री गरेको पाइएमा सो मेशिनरी सामाग्री बापत को रकम नियमानुसार असुल उपर गरिने छ ।

**७ खरिद प्रकृया–** यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुले प्रचलित कानुन बमोजिम कृषि सामाग्री खरिद गरी बितरण गर्न सक्ने छ वा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले यस गाउँपालिकामा सूचीकृत गरेका फार्म/कम्पनीहरु बाट खरिद प्रकृया गर्नु पर्ने छ । साथै सुलभ तरीकाले गुणस्तरीय मेशिनरी सामाग्रीहरु उपलब्ध गराउनको लागि पहल गरिने छ ।

**८ अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलको अनुगमन समितिले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**९ थपघट वा हेरफेर गर्न सक्ने**

९.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

९.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

९.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउपालिकाले गर्न सक्नेछ ।

**अनुसूची -१**

**सूचना प्रकाशनको ढाँचा**

यशोधरा गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली,कपिलवस्तु
(लुम्बिनी प्रदेश)

**सूचना ।** **सूचना ॥** **सूचना ॥।**

प्रथम पटक प्रकासित सूचना मिति................

**बिषय :- साना सिचाई (मोटर वा पम्पसेट) मार्फत सिंचाई कार्यक्रम सञ्चालनका लागी आवेदन पेश गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुको आ.व.२०७७/२०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषक/कृषक समुह, कृषि सहकारी, कृषि फार्महरुले साना सिचाईमा आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा निवेदन सहित तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्नका लागी सम्बन्धित सबैमा जानकारीको लागी प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ।

**तपशील :**

**आवश्यक कागजातहरु**

१.निवेदन पेश गर्दा रु.१०। को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने छ ।

२. कृषक समुह/ कृषि सहकारी/ कृषि फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

३. राजस्व वापत फिर्ता नहुने गरी रु.३००।(तीन सय) यस गाँ.पा.मा तिरेको नगदी रसीद पेश गर्नुपर्नेछ

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. कृषक समुह/ कृषि सहकारीको निर्णय प्रतिलिपी ।

६. कृषक /कृषि फार्मको हकमा जग्गा दर्ता प्रमाण पुर्जाको को प्रतिलिपी वा लिजमा भए करार नामाको सम्झौता पत्रको प्रतिलिपी ।

७. अध्यक्ष , सचिव /प्रोपराईटरको फोटो, नागरिक्ताको प्रतिलिपी ।

८. कृषक समुह/कृषि सहकारीको हकमा यस कार्यक्रमा समाबेश हुनाको लागी कम्तीमा ३ बिघा र कृषक/कृषि फार्मको हकमा कम्तीमा १ बिघा जग्गाको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

९.यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट संचालन हुने साना सिंचाई, वा अन्य कुनै कार्यक्रमबाट बिगत आ.व. २०७५/२०७६ , ०७६/०७७ मा सरकारी तथा गैर
सरकारी संघ/सस्थाबाट सोही प्रयोजनको लागि कार्यक्रम प्राप्त गरेमा यस कार्यक्रममा समावेश गरिने छैन ।

नोट : बिस्तृत जानकारीको लागी यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।

**अनुसूची-२**
**निबेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
मिति.................
यशोधरा गाँउकार्यपालिकाको कार्यालय
बैदौली ,कपिलवस्तु

बिषय :- साना सिंचाई कार्यक्रमबाट सहयोग पाउँ बारे ।

प्रस्तुत बिषयमा तहां कार्यालयबाट मिति ....................................मा प्रकाशित गरिएको सूचना अनुसार .............................................कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र तथा कार्यालयले उल्लेख गरेको शर्तहरको अधीनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौं ।

निवेदक
समुहको छाप : : कार्ययोजना पेश गर्नेः
कृषकको नामः
ठेगानाः
दस्तखतः
मिति :

## अनुसूची-३

## व्यवसायिक कार्य योजना

कार्यक्रमको नामः
जिल्ला : .....................................न.पा/गा.पा. ........................वडा नं..........
गाउँ/टोल .............
फार्मको नाम ......................................................
संचालकको नाम ..............................................
मो.नं...............................................

१. व्यवसायको परिचय :
२. उद्देश्यहरु :
३. कृषि व्यवसायमा अनुभव :
४. व्यवसाय सन्चालन गर्ने स्चानको संक्षिप्त विवरणः
५. व्यवसाय सन्चालनका लागि रहेका पूर्वाधारहरु :
६. तालिम सम्बन्धी विवरण :
७. कार्यक्रम संचालन गरिने प्रस्तावित कार्य विवरण

| क सं. | कार्य विवरण | परिमाण | दर | कूल लागत रु. | अनुदान रकम रु. | साझेदारी रकम रु. | सम्पन्न हुने समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. संचालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता ( प्रभाव पार्ने वा नपार्ने)
९. उत्पादित बस्तुको बजार योजना :
१०. थप आधारहरु :
उपलब्ध जग्गाको क्षेत्रफल ..........................
कार्यक्रमको स्पष्टता :
आपेक्षित वार्षिक प्रतिफल :
कार्ययोजना पेश गर्नेः

कृषकको नामः
ठेगानाः
दस्तखतः

मिति :

## अनुसूची-४
## स्व-घोषणा ( Self–Declaration)

म यसै मार्फत प्रमाणित गर्छु कि माथि उल्लेखित बिवरणहरु ठीक छ। मैले यस कार्यालय मार्फत साना सिंचाई कार्यक्रम अर्न्तगत ..........................................को लागि अनुदान सहयोग कार्यक्रमको उद्देश्य पढेको र बुझेको छु र सबै सन्दर्भमा सोही अनुसारको कार्य गर्नेछु। म आयोजनाको बैज्ञानिक आचरणको लागि जिम्मेवारी स्वीकार गर्न सहमत छु। यदि यस प्रस्तावको लागी मलाई अनुदान मिल्छ भने म कार्य योजना अनुरुप कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन र प्रमाणित बित्तीय बिबरणहरु र कार्य सम्पन्न प्रतिबेदन पेश गर्ने छु। सो कार्यक्रमका लागी चालु आ.व. र बिगत २ (दुई) आ.व. भित्र अन्य कुनै स्रोत बाट सोही प्रयोजनका लागी अनुदान नलिएको स्व-घोषणा गर्दछु/गर्दछौ।उपरोक्त बमोजिमका बिबरणहरु मैले जानेबुझे सम्म सही छ। झुठो ठहरिएमा निबेदन स्वतः खारेज भई कानुन बमोजिम सहुँला /बुझौँला।

| | |
|---|---|
| साक्षीः | निबेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

## अनुसूची-५
## प्रतिबद्धता-पत्रको ढाँचा

यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुको मितिः ................मा प्रकाशित सूचना अनुसार साना सिंचाई कार्यक्रमको लागी अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागी कार्ययोजना सहितको आबेदन पेश गरेको छु/छौ। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटीमा ....... बर्ष सम्मा निरन्तरता दिइनेछु/दिइनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा .......भन्दा अगावै सो कार्यहरु बन्द गरेमा सो कार्यालय बाट प्राप्त भएको अनुदान फिर्ता गर्नेछु/गर्नेछौ। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला /बुझौँला। साथै प्रस्ताबित कार्यहरुको लागी अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ।

इति सम्बत् २०७................गते ..............रोज .....................शुभम।

नामः
ठेगानाः
दस्तखतः

मितिः
संस्थाको छापः

| | |
|---|---|
| | |

**अनुसूची-६**
**सम्झौता पत्रको ढाँचा**
**सम्झौता- पत्र**

यशोधरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय कृषि बिकास शाखा कपिलबस्तुको चालु आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम यशोधरा गाउँकार्यपालिकाको कार्यालय कृषि बिकाश शाखा पहिलो पक्ष कार्यक्रम संचालन साना सिंचाई ( मोटर वा पम्पसेट मार्फत सिंचाई कार्यक्रम) कार्यबिधि २०७७ अनुसार बिशिष्टताको आधारमा छनोट भएका कृषकहरुलाई कृषि बिकाश समितिको निर्णय बमोजिम श्री.................................ठेगाना यशोधरा गा.पा.............................(दोश्रोपक्ष) बीच तपशीलका शर्तनामाहरु गरी/गराई कार्यक्रम सम्पन्न गर्न मिति.............. गते सम्झौता /सहमती भएको छ।

**शर्तहरु**

१) पहिलो पक्षले दोश्रो पक्षलाई साना सिंचाई सहयोग कार्यक्रम यस गाउँपालिकाको आ.व.०७६/०७७ को गाउँ सभा बाट निर्णय भएको हुँदा यस गाउँपालिका गाउँकार्य पालिकाको कार्यालय बैदौली कपिलबस्तुको मिति ........... गतेको निर्णयानुसार मोटर/ पम्पसेट मार्फत सिंचाई कार्यक्रम संचालनको लागि कार्यक्रम संचालन कार्यबिधि २०७७ को कार्ययोजना अनुसार अनुदान स्वरुप उपलब्ध गराउने छ।

२) कार्ययोजना अनुसार जम्मा लागतको **रु**................पहिलोपक्षले जम्मा **रु**............ र दोश्रो पक्षको लागत **रु**..........बराबर रकम ब्यहोर्नु पर्नेछ। यस कार्यक्रममा पहिलो पक्षबाट कार्यक्रम संचालन गर्न प्रदान गरिने अनुदान रकम संम्बन्धि बिल भरपाई पेश गरे पछि कृषि बिकास समितिले संतोषजनक काम गरेको पाइएमा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्मको खातामा वा निज कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्म ले आफै खरिद गरेको फार्म/कम्पनी, सप्लायर्सको नाममा उक्त रकम भुक्तानीको लागी निबेदन गरेमा सोझै नियमानुसारको रकम एकाउन्ट पेयी चेक बाट उपलब्ध गराउन सकिने छ।

३) दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान प्राप्त गरी आफुले कार्ययोजना सहित आबेदन गरे अनुसारको कार्यक्रम संचालन गर्ने छ।

४) पहिलो पक्षले नियमित रुपमा कार्यक्रम संचालन गरेको ,नगरेको अनुगमन गर्नेछ। अनुगमनको क्रममा कार्ययोजना अनुसार पारदर्शी ढंगबाट कार्य गरेको नठहरिएमा सार्बजनिक सुचना टाँस गरी कार्यक्रम स्थगन गर्न सकिने छ।

५) यस सम्झौतामा काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप /भबितब्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम आफै हुनेछ।

६)दोस्रो पक्षले उक्त कार्यक्रम संचालन गर्न सम्वन्धि सामाग्रीहरु जम्मा लागत रकम वरावरको खरीद गरी यो कार्यक्रम यसै आ. व. ०७७/०७८ को मिति........... गते भित्र अनिवार्य रुपमा सम्पन्न गरी यसको विल, भरपाई, सार्वजनिक लेखा परिक्षण, समेत दोस्रोपक्षले पहिलो पक्षलाई बुझाएपछि पहिलो पक्षले अनुदान रकम उपलब्ध गराईने छ । अन्यथा भुक्तानीको लागी पहिलो पक्ष बाध्य हुने छैन ।

७) दोश्रो पक्षले आयोजनाबाट उपलब्ध हुने मेशिनरी समानमा प्रथम पक्षले दिएको निद्रिष्ट ढाँचामा कार्यक्रम सम्बन्धि सुचना मुलक स्टीकर अनिवार्य रुपमा राख्नु पर्नेछ। यसलाई भुक्तानीको शर्तको रुपमा लिइनेछ ।

८) दोश्रो पक्षले अनुदान सहयोगको रकम दुरपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

९) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

**पहिलो पक्ष**
नामः ....................
पदः प्रमुख प्रशासकीय अधिकृत
दस्तखत...................

**दोस्रो पक्ष**
कृषक/कृषक समूह/कृषि सहकारी/फार्मको
नामथर :...........................
ठेगाना : यशोधरा गा.पा. वडा नं .....
पद :
दस्तखत .............................

**रोहवर**
....................
कृषि बिकाश अधिकृत
दस्तखत...............
कार्यालयको छाप

## अनुसूची-७
## आयोजना छनौटका मापदण्ड(अंकभार)

**तपशील :**

**क. प्राबिधिक, सामाजिक, आर्थिक उपयुक्ता** २०

१. प्राबिधिक दृष्टिले उपयुक्त छ/छैन
२. समाजमा पार्ने सकारात्मक/नकारात्मक असर
३. आर्थिक दृष्टिले उपयुक्त छ/छैन
४ थप लगानी गर्न सक्ने/नसक्ने
५ यस कार्यकम बारे रोजगारीको सिर्जना हुनसक्ने/नसक्ने
६. हाटबजारको दुरी..................
७. एग्रोभेट नजीक छ/छ

**ख. कार्यकम बारे प्रभावकारिता** ४०

१. आधुनिक प्रबिधि अपनाएको/नअपनाएको
२. समुह/सहकारीका नियमित बैठक बसेको/नबसेको
३. हितकोष उठाउने गरेको/नगरेको

यदि उठाएको हो भने रु...................लगानी गरेको क्षेत्र....................
४.खेतीको व्यवसायिकता परम्परागत/आधुनिक
.............................................................
५. सिचाईको अवस्था ...............................
६. समुहको गतिबिधि बारे पारदर्शिता हुने गरेको/नगरेको

**ग. कार्यक्रम बारे दिगोपना**

**२०** १.

आय-आर्जनको अवस्था..........................................................................
२. पुर्वाधारको अवस्था
सडक को अवस्था भएको/नभएका
बिद्युतको अवस्था भएको/नभएको

**घ. कार्यक्रम बारे स्थलगत निरिक्षण**

**२०**

१. प्रस्तावना अनुसारको व्यवसायीले काम गरेको/नगरेको/गर्न सक्ने
२. तालिम तथा अनुभव/दक्षता
.........................................................................................
३. कार्यक्रम बारे सबै सदस्य लाई जानकारी भएको/नभएको
४. लक्षित बर्गको सहभागिता भएको/नभएको

**जम्मा अंकभार - १००**

**मूल्यांकनकर्ता** :

**आज्ञाले,**
**तेज बहादुर सिंह**
**प्रमुख प्रशासकीय अधिकृत**